मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २०८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार १२ गते शुक्रवार (Friday, June 26. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

वैकल्पिक शिक्षण सिकाइमा
शिक्षकको भूमिका: पृष्ठ २



# अब कनकाईमा पीसीआर ल्याब

### प्रदेश सरकारले लियो जिम्मा, तयारी शुरु

**झापा, असार ११।** एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट झापाको कनकाई नगरपालिका कोटीहोमस्थित समर्पण भवनमा कोरोना परीक्षणका लागि पीसीआर ल्याब सञ्चालन गर्ने तयारी शुरु भएको छ। ल्याबको अनुमति, सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश सरकारले जिम्मेवारी लिएको छ।

प्रदेश नं. १का सामाजिक विकासमन्त्री जीवन घिमिरेले ल्याब सञ्चालनका लागि उक्त प्रतिवद्धता जनाएका हुन्। अभियानकर्मीलाई जतिसक्दो छिटो पीसीआर मेसिन मगाएर काम अघि बढाउन आग्रह गर्दै मन्त्री घिमिरेले खरिद प्रक्रिया र भन्सार छुटका लागि प्रदेश सरकारले जिम्मेवारी लिने बताए।

संवाद समूह झापाको संयोजनमा बुधबार मन्त्री घिमिरे, जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, एकका लागि एक अभियान लगायत साझेदार संस्थाको छलफलबाट कनकाईमा पीसीआर ल्याब सञ्चालनमा ल्याउने निर्णय गरिएको हो।

यथाशीघ्र सरकारी मापदण्ड अनुसार ल्याब स्थापना गरी सञ्चालनका लागि प्रदेश सरकारलाई हस्तान्तरण गरिने अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए। गिरीका अनुसार उक्त ल्याब सरकार-समुदाय-सहकारी साझेदारीको नमूना बन्नेछ। अभियानले मेसिन तथा त्यसका लागि आवश्यक पर्ने फ्रिजलगायतका अन्य सामग्री खरिदको प्रक्रिया अघि बढाइसकेको छ। उनले ल्याब राख्ने योजना बनाइएको भवनको मापदण्ड हेर्न र मूल्यांकन गर्न एकदुई दिनभित्रै प्राविधिक खटाउने प्रतिबद्धता व्यक्त गरे।

मन्त्री घिमिरेले झापाको केन्द्रविन्दु भएकाले कोटीहोम क्षेत्र उपयुक्त भएको बताएका थिए। उनले छलफलपछि भवनको निरीक्षण समेत गरे। त्यसक्रममा मन्त्री घिमिरेले कोरोनाले निम्त्याएको महाविपत्तिको बेला एकका लागि एक अभियानमार्फत नागरिक र सामाजिक क्षेत्रबाट भएको योगदान मुलुक मै प्रशंसनीय रहेको बताए। उनले कोटीहोमको समर्पण भवन पीसीआर ल्याब सञ्चालनका लागि सबैलाई



पायक पर्ने उपयुक्त ठाउँ भएको बताए।

उक्त ल्याब सञ्चालन भएपछि झापाका लागि मात्र होइन, आवश्यकता अनुसार प्रदेशका सबै जिल्लाका लागि सेवा पुग्ने मन्त्री घिमिरेले बताए। 'तत्काल मेसीन खरिद लगायतका काम थाल्नुहोस्, ल्याव सञ्चालनको जिम्मेवारी प्रदेश सरकारले लिनेछ'( मन्त्री घिमिरेले भने- 'नागरिक स्तरबाट भएको यस्तो उल्लेखनीय कार्यको सराहना गर्दछु।'

समर्पण भवनमा ल्याब स्थापना र सञ्चालन गर्ने यसअघि नै अभियानको बैठकले निर्णय गरेको थियो। त्यसमा झापाका राजनीतिक दलका प्रमुखहरुले सहमति जनाएका थिए भने मन्त्रीसँगको छलफलमा पनि उनीहरुको एक स्वर रहेको थियो। सबै दलका नेताहरुको एउटै आवाज थियो- महामारी नियन्त्रण गर्नका लागि अपरिहार्य र उपयुक्त स्थान कनकाईमा यथाशीघ्र पीसीआर ल्याब सञ्चालन गर्नुपर्‍यो। विधि पुर्‍याएर भए पनि यसको सञ्चालनको जिम्मेवारी प्रदेश सरकारले लिनुपर्छ।

छलफलमा नेकपा झापाका अध्यक्ष चिन्तन पाठक, नेपाली कांग्रेस महासमिति सदस्य देउकुमार थेवे, झापा उपसभापित राम कट्टेल, जनता समाजवादी पार्टी झापाका अध्यक्ष अनुत राजवंशी, राप्रपा झापाका उपाध्यक्ष कमल खरेलले कनकाईको समर्पण भवनमा ल्याब राख्न पार्टीको प्रतिबद्धता जनाएका थिए।

कनकाई नगरप्रमुख राजेन्द्रकुमार पोखरेलले ल्याब स्थापनापछि प्रदेश सरकारले जिम्मेवारी दिए स्थानीय सरकारको हैसियतले सोको सञ्चालनमा नगरपालिकाले जस्तोसुकै जिम्मेवारी लिनपछि नपर्ने बताए। उनले त्यसका लागि नगरले २५ लाख रुपैयाँ

(बाँकी अन्तिम पृष्ठमा)

## 'स्वास्थ्यकर्मीको मनोबल उच्च बनाऔं'

**झापा, असार ११।** सांसदहरुले कोरोना महामारीको समयमा अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मीमाथि भइरहेको कुटपिट र दुर्व्यवहारलाई तत्काल रोक्न सरकारसँग माग गरेका छन्।

राष्ट्रियसभाको बैठकको विशेष समयमा उनीहरुले त्यस्ता गलत कामले रोग संक्रमण बढ्ने र नकारात्मक सन्देश जानेतर्फ सचेत रहन आग्रह गरे। उनीहरुले स्वास्थ्यकर्मीको सुरक्षाको पूर्ण प्रत्याभूति दिन जोड दिए।

जनता समाजवादी पार्टीका मृगेन्द्रकुमारसिंह यादवले काठमाडौं, धरान, पर्सा, रौतहटमा, डोटी, बाजुरालगायत स्थानमा स्वास्थ्यकर्मीमाथि आक्रमण भएको उल्लेख गर्दै उनीहरुको उत्साहलाई निराशामा परिणत गर्ने काम कोही कसैले गर्न नहुने बताए। उनले नागरिकताको विषयमा राष्ट्रियतालाई ध्यानमा राखेर अघि बढ्न जोड दिए।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का चक्रप्रसाद स्नेहीले कोभिड-१९ सङ्क्रमण रोक्न अहोरात्र खटिएका स्वास्थ्यकर्मीमाथि भएको घटनाको निन्दा गर्दै सुरक्षाको प्रत्याभूति दिलाउन सरकारसँग माग गरे। उनले बन्दाबन्दीको समयमा अर्थतन्त्रमा पारेको नकारात्मक असरलाई आवश्यक सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याए। सोही पार्टीका डा. बिमला पौडेलले उद्योगधन्दा पुनर्स्थापनका कार्यक्रम ल्याउन, शिक्षा र सेवा क्षेत्रलाई व्यापारीकरण नगर्न समेत आग्रह गरे।

नेपाली कांग्रेसकी अनिता देवकोटाले सोती घटना, रुपन्देहीमा बलात्कारपछि हत्या र धनुषा प्रहरी कार्यालयभित्रै भएको मृत्यु प्रकरणमा दलितसँग सम्बन्धित सङ्गठनका प्रतिनिधिहरुले प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन जाने क्रममा प्रहरीले गरेको धरपकडको निन्दा गरिन्। उनले उक्त घटनामा सांसदसमेत घाइते भएको उल्लेख गर्दै त्यस्ता गतिविधि नदोहार्‍याउनसमेत आग्रह गरिन्। सोही पार्टीकी तारादेवी भट्टले कोभिड-१९ रोक्न सरकारको भूमिका बढाउनुपर्ने आवश्यकता औंल्याइन्। चुरेको दोहन रोक्न गम्भीर कदम चाल्नसमेत उनले सरकारलाई आग्रह गरिन्।

जनता समाजवादी पार्टीका प्रमिलाकुमारीले नागरिकतासम्बन्धी विधेयकमा सात वर्षपछि मात्रै अंगीकृत नागरिकता दिने गरी विधेयक आएकोमा आपत्ति जनाइन्। उनले महिला, यौनिक र अल्पसंख्यक व्यक्तिलाई समेत समान रुपमा नागरिकता प्रदान गर्नुपर्ने अवस्थामा विभेद गरिनुले सरकाको विभेदकारी नीति प्रष्ट भएको जिकिर गरिन्।

बैठकमा राष्ट्रियसभाका सचिव राजेन्द्र फुयाँलले सभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ र संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्वन्ध व्यवस्थापन) विधेयक, २०७५ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देशको जानकारी सभा समक्ष गराएका थिए। अर्को बैठक यही असार १५ गते अपरान्ह १ बजे बस्ने छ।

## बाह्रदशीमा थपिँदै कोरोना संक्रमित



**बिर्तामोड, असार ११।** बाह्रदशी गाउँपालिकामा कोरोना संक्रमितको संख्या थपिएको छ।

पशुपति मावि क्वारेन्टाइनमा वसेका एक व्यक्तिमा कोरोना संक्रमण पुष्टि भएसंगै वाह्रदशीमा कोरोना संक्रमितको संख्या आठ पुगेको हो। बाह्रदशी गाउँपालिका वडा नं. १का १८ वर्षीय युवामा कोरोना संक्रमण देखिएको बाह्रदशी-१का वडाध्यक्ष शम्भुसिंह राजवंशीले बताए।

झापा जिल्लामा कोरोना संक्रमितको संख्या २१८ पुगेको छ। यसैबीच कोरोना संक्रमणबाट निको भएर विहीवार झापाका २८ जना घर फर्किएका छन्। योसहित निको भएर घर फर्किनेको संख्या १५९ पुगेको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाँईले जानकारी दिए।

## चट्याङले लागेर एक जनाको मृत्यु

**मोरङ, असार ११।** मोरङ सुनवर्सी-५ रमनपुर टोलका ७० बर्षीय महादेवलाल दासको चट्याङले लागेर मृत्यु भएको छ।

विहीवार दिउँसो पौने २ बजे आफ्नै खेतमा धान रोपिरहेको अवस्थामा बर्षासंगै आएको चट्याङले लाग्दा दासको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## हतियारसहित पक्राउ

**सुनसरी, असार ११।** सुनसरीको धरान-१५बाट एक जना हतियारसहित पक्राउ परेका छन्।

पक्राउ पर्नेमा धनकुटा शहीदभूमि गाउँपालिका-६ बस्ने २७ बर्षीय रोशन राई रहेका छन्। उनलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय अनुसन्धान समूह र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो।

धरान-१५मा लुकीछिपी बसेका राईलाई बिशेष सुराकीको आधारमा बुधवार राति पक्राउ गरिएको थियो। राईलाई पक्राउ गरिएसँगै थप अनुसन्धान गर्ने क्रममा धरान-१५ स्थित रामहंस मार्गमा उनले प्रयोग गरेको मोटरसाइकल पार्किङ गरी राखेको अवस्थामा विहीवार बरामद गरिएको थियो। बरामद गरिएको

(बाँकी अन्तिम पृष्ठमा)

# दूग्धजन्य पदार्थको मूल्यमा छुट

**काठमाडौं, असार ११।** बन्दाबन्दीका कारण दूध तथा दूग्धजन्य पदार्थको बिक्रीमा कमी आउँदा मौज्दातमा वृद्धि भएकाले सरकारको स्वामित्व रहेको दूग्ध विकास संथान (डिडिसी)ले घिऊ, नौनी र धुलो दूधको मूल्य घटाएको छ।

यही असार ३ गतेदेखि घिऊमा प्रतिलिटर रु. २०, नौनीमा रु. ८० र धुलो दूधमा रु. १० छुट दिइएको छ। घिऊको खुद्रा मूल्यसँगै थोक मूल्यमा एकदेखि पाँच प्रतिशतसम्म छुट दिइएको डिडिसीका महानिर्देशक रुद्रप्रसाद पौडेलले जानकारी दिए। उनका अनुसार थोक मूल्य प्रतिलिटर रु. आठ सय ३० का दरमा तीन सयदेखि पाँच सय लिटर घिउ किन्दा एक प्रतिशत छुट दिइएको छ।

त्यसैगरी पाँचदेखि एक हजार लिटरमा दुई, एक हजारदेखि तीन हजारसम्म चार, तीन हजारदेखि पाँच हजारसम्म चार र पाँच हजार लिटरदेखि माथि घिऊ किन्दा पाँच प्रतिशतसम्म छुट दिइएको छ। रु. बीस छुट डिडिसीका बिक्री केन्द्र लैनचौर, खुमलटार, नयाँ सडक तथा आयोजना केन्द्रबाट खरिद गर्दा मात्र पाइने जनाइएको छ। एक हजार लिटरभन्दा बढी नौनी खरीद गर्नेलाई रु. ८० र धुलो दूध खरिद गर्नेलाई रु. १० छुट दिइएको डिडिसीका अर्थविज्ञ अज्जन अधिकारीले जानकारी दिए। उनका अनुसार यसअघि नौनी प्रतिलिटर रु. सात सय ८० र धुलो दूध प्रतिलिटर रु. छ सय थियो।

डिडिसीका आयोजना केन्द्र लौनचौर, बालाजु, विराटनगर, जनकपुर, ढल्केबर, हेटौडा, बुटवल,

(बाँकी अन्तिम पृष्ठमा)

## कर्मचारी आवश्यकता

यस सेभेन स्टार सेक्यूरिटी सर्भिस प्रालि शाखा कार्यालय बिर्तामोडका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला।

पदः **लेखापाल–** १ जना

**योग्यताः** +२ पास, दक्ष र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

**आवेदन दिने अन्तिम मितिः** २०७७ असार १५ गतेसम्म

**निवेदन दस्तुरः** ५००।–

**सम्पर्कः ०२३–५४६६१४, ९८५२६७३९५५**

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १0% छुट गरिएको छ।

7th ANNIVERSARY

सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

– बैंक नोट वा सिक्का जलाउने, गाल्ने–च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुने,
– अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने,
– एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**सुन्दर मेचीनगरः** झापाको मेचीनगरस्थित बौद्धमोड पूर्व, निन्दा खोलाको पुलबाट देखिएको दृश्य । झापाको उत्तरी क्षेत्र यतिबेला रमणीय देखिएको छ । **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

हल्दिवारी गाउँपालिकाको विवाद

# उपाध्यक्षले कानून हातमा लिएको अध्यक्षको आरोप

**बिर्तामोड, असार ११।** झापाको हल्दिवारी गाउँपालिकामा बजेटका विषयलाई लिएर सृजित विवादको विषयमा गाउँपालिकाले आफ्नो धारणा सार्वजनिक गरेको छ ।

गाउँपालिका अध्यक्ष रवीन्द्र लिङ्देनले विहीवार गाउँपालिकामा पत्रकार सम्मेलनको आयोजना गर्दै घटनाको विषयमा जानकारी गराएका थिए । उनले गाउँसभामा भएको आक्रमणको जिम्मेवारी उपाध्यक्ष डम्बरबहादुर गिरीले लिनुपर्ने बताएका छन् । बजेट बाँडफाँड तथा चारकोशे जङ्गलको बाटोको नामकरण गर्ने क्रममा गिरीले बहुमतको बल देखाएर बिपक्षीको आवाज दवाउन खोज्दा कार्यालय तोडफोड भएको भन्दै त्यसको जिम्मेवारी गिरीले लिनुपर्ने पत्रकार सम्मेलनमा उनले बताए ।



वुधवार गाउँपालिकामा आयोजित बजेट बाँडफाँड तथा चारकोशे जङ्गलको बाटोको नामकरण गर्ने विषयमा विवाद हुँदा तोडफोड भएको थियो । त्यसक्रममा अध्यक्षमाथि हातपात भएको थियो । पत्रकार सम्मेलनमा गिरीको नेतृत्वमा वडा नं. १का अध्यक्ष त्रिलोचन सापकोटा, ४का वडा सदस्य महेशलाल मेचे, कार्यपालिका सदस्य सागर पोर्तेलले गाउँसभा चलिरहेका बेला नीति तथा कार्यक्रम पास गर्नैपर्ने भन्दै आफू लगायत वडा नं. ४ का अध्यक्ष होमप्रसाद चुडाल र ५का अध्यक्ष शेरबहादुर नेम्वाङ समेतलाई हातपात गरी अभद्र व्यवहार गरेको भन्दै नेकपाबाट बहुमतको आडमा कानून हातमा लिने काम भएको अध्यक्ष लिङ्देनको आरोप थियो ।

चलिरहेको गाउँसभामा केही सदस्यहरुले नीति तथा कार्यक्रम अध्ययन गर्न समय मागेकोले असार २९ गते बजेट प्रस्तुत गर्ने मौखिक सहमति विपरीत उपाध्यक्ष गिरीले आफ्नै अध्यक्षतामा बजेट पास गरेको निर्णय प्रमाणीकरण गरिएको भन्ने कार्य कानूनविपरीत भएको उनले बताए । अध्यक्ष लिङ्देनले गाउँसभा सञ्चालन नियमावली २०७५ अनुसार अध्यक्ष हुँदाहुँदै आक्रमण गरेर सभास्थलबाट भगाई बजेट पास गराउने काम कानूनी राज्यमाथिको चुनौति भएको समेत प्रष्ट पारेका छन् ।

वडा नं. ४ का अध्यक्ष होमप्रसाद चुडालले नेकपाका सदस्यहरुले बहुमतको बल देखाएर बिभेद गर्दै ४ र ५ नं. वडालाई कम बजेट दिने, जलथलको चारकोशे जङ्गलको मौलिक पहिचान गुम्ने गरी सडकको नामकरण गर्ने जस्ता कार्यहरुले हल्दिवारी गाउँपालिकामा द्वन्द्व सिर्जना भएको भन्दै उपाध्यक्षबाट भएको गल्ती नसच्चिएसम्म गाउँपालिकाले जनपक्षीय काम गर्न नसक्ने बताए । उनले नेकपाबाहेकले जितेका वडामा बजेट घटाउने कामले हल्दिबारीका स्थानीयमा विभेद सिर्जना गर्ने काम भएकोले त्यस्तो कार्य नरोकिए जनविद्रोह बढ्ने समेत चेतावनी दिए ।

यसैबीच हल्दिबारी गाउँपालिकामा भएको तोडफोड सम्बन्धमा नेपाली कांग्रेस तथा राष्ट्रिय प्रजातन्त्र पार्टी हल्दिबारी गाउँ समितिले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै नेकपाले बहुमतको आडमा लोकतान्त्रिक विचारमाथि दमन गरी गाउँपालिकाका बासिन्दालाई विभेद गरेको भन्दै आपत्ति जनाएका छन् ।

कांग्रेस सभापति दिलीप मावो र राप्रपा अध्यक्ष एकराज राना मगरले संयुक्तरुपमा हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ- उपाध्यक्ष डम्बरबहादुर गिरीको नेतृत्वमा गाउँसभाभित्र गाउँपालिका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देन, ४ नं. वडाध्यक्ष होमप्रसाद चुडाल र ५ नं. वडाध्यक्ष शेरबहादुर नेम्वाङलाई घेराबन्दीमा पारी आक्रमण गर्ने कार्य निन्दनीय छ ।'

# थापाले भोकलाई, प्रसाईले रोगलाई हटाएपछि....

**बिर्तामोड, असार ११।** स्थानीय तहले महामारीको यो समयमा विपन्न नागरिकका लागि करोडौं रुपैयाँ बराबरको राहत सामग्री बितरण गरे । स्थानीय संघ-संस्था र व्यक्तिको सहयोग पनि यो बेला उत्तिकै रह्यो ।

तर, वास्तविक विपन्नले राहत नपाएको झापा धुलावारीका किरण अधिकारीको भनाइबाट पुष्टि हुन्छ । उनलाई मेचीनगर नगरपालिकाले राहतका नाममा १० केजी चामल मात्रै दियो । त्यही चामलले उनले केही दिन प्राण धाने भने एक सातासम्म एक/एक प्याकेट विस्कुट खाएर अधिकारी दम्पत्तिले दिन कटाए ।

धुलावारीमा चिया पसल सञ्चालन गर्दै आएका अधिकारी दम्पत्तिको लकडाउनसंगै कमाइको बाटो बन्द भयो । केही दिन जोहो गरेको अन्नले धान्यो । नगरपालिकाले दिएको राहतले एक साता टर्‍यो, त्यसपछि एक प्याकेट विस्कुटले भोक टार्नुपर्ने बाध्यता आइलाग्यो उनीहरुलाई । लामो समयसम्म भएको लकडाउनको पीडा अधिकारी परिवारलाई थियो नै । त्योभन्दा ठूलो पीडा किरण आफैं बिरामी परेपछि परिवारमा बज्र परेझैं भयो । उपचारका लागि न एक रुपैयाँ थियो न त खाने अन्न नै । पायल्स बिग्रिएर दिशाबाट रगतसरीको पीप बग्दा समेत छट्पटाउनु शिवाय अर्को उपाय नभएपछि कमिला मार्ने विषादि मालथिन घोलेर खाने कठोर निर्णयमा पुगे किरण । भोकै छट्पटाएर मर्नुभन्दा मालथिन खाएर मर्ने कठोर



निर्णयमा पुगेका किरणले अन्ततः श्रीमतीसँग मुख फोरेका कारण आज नयाँ जीवन पाउन सफल भएका छन् ।

केही समय अघि पाँच सय रुपैयाँ बोकेर भारतको पानीट्याङ्कीमा पायल्सको उपचारका लागि गएका थिए किरण । उपचारका क्रममा पायल्स बिग्रिएपछि उनी थलिएका थिए । लकडाउन अघिसम्म जसोतसो गुजारा चलाउँदै आएका किरण लकडाउन शुरु भएसँगै समस्यामा परे । उपचार नपाएर जीवन मरणको दोसाँधमा परेका किरणका लागि भगवाननै बने व्यवसायी शेरबहादुर थापा र वीएण्डसी अस्पतालका प्रवन्ध निर्देशक दुर्गा प्रसाई ।

व्यवसायी थापाले अधिकारी परिवारका लागि खाने अन्नको जोहो गरिदिए भने प्रसाईले निःशुल्क उपचार । आफ्नो स्थायी ठेगाना समेत नभएका किरण भाडामा बस्दै आएका छन् । दमकमा लामो समयसम्म चिया पसल सञ्चालन गरेर बसेका उनी भाग्य खोज्दै धुलावारी आएका थिए । जग्गा किन्ने, घर बनाउने सपना बोकेका किरण भारतको शिलगढीमा दुर्घटनामा परेसंगै उनका सपना सपनामै सीमित भयो । सवारीको ठक्करबाट गम्भीर घाइते भएका उनले उपचारमा सबै रकम सकिएपछि आफू झनै समस्यामा परेको बताए । पेट र खुट्टामा लागेको चोट देखाउँदै उनले भने- भाग्यले नै ठगेपछि केही लाग्दो रहेनछ । शरीरमा चोट बोकेर पनि परिवारको पालन पोषणमा लागीरहेका किरणलाई कोरोना भाइरसले सृजित संकटले झनै समस्यामा पार्‍यो । जसोतसो चलेको जिन्दगी लकडाउनका कारण मर्नेसम्मको कठिन परिस्थितिमा पुग्नु परेको भन्दै उनलवे गहभरी आँशु पारे । विहीवार बिर्तामोडस्थित विएण्डसी अस्पतालमा उपचार गराएर घर फर्कनै लाग्दा भेटिएका उनले भने- समाजमा यस्ता मानिस पनि बस्ता रहेछन् जसले मलाई मर्नबाट बचाए । गर्जो टर्ने अन्न र औषधि उपचार गर्ने थापा र प्रसाईलाई भगवान सम्झने किरणले भने- जीवनमा दुःख पाउनु छ भने उपचारका लागि भारत जानुपर्ने रहेछ । सेवाका नाममा लुट्न बसेकाले मलाई त लुटे नै अरु नलुटिऊन् ।

अहिले पनि पायल्सको उपचार गर्न पानी ट्याङ्की जानेको जमात ठूलो छ । धेरैले पानीट्याङ्कीमा गएर आयुर्वेदका नाममा रोग निको पार्ने होइन थप्ने मात्रै काम गरिरहेका छन्- उनले भने- घरकै खाऔं सकी नसकी यहीँ उपचार गराऔं ।

# जिम बन्द हुँदा प्रियंकालाई 'नो टेन्सन'

चलचित्र क्षेत्र गसिपमा रमाउँछ । गसिप बजारमा रमाउने कला केही कलाकारसँग मात्र हुन्छ ।

चलचित्रमा काम होस् या नहोस्, नायिका प्रियंका कार्कीलाई चर्चामा आउने उपाय राम्रैसँग थाहा छ । आलोचनाले घेरिए पनि यी नायिका त्यसलाई सहजै ग्रहण गरिदिन्छिन् । यसैले त उनलाई आलोचनाले फरक पार्न छाडिसकेको छ ।

बिहेलगत्तै लकडाउन भएका कारण नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज घरमै छन् । भैंसेपाटीको घरमा रहेका उनीहरूले युट्युब च्यानलमा खानाका विभिन्न परिकार पकाउन सिकाइरहेका छन् । उनै प्रियंकाले आयुष्मानसँगको एक तस्वीर पोष्ट गर्दै जिम बन्द भएपनि समस्या छैन भनेर लेखेकी छिन् ।

आयुष्मान र प्रियंका फिटनेसमा खुबै ख्याल गर्छन् । यसैले पनि जिम बन्द हुँदा धेरै कलाकारलाई समस्या परिरहेको छ । तर प्रियंकालाई भने कुनै फरक नपरेको उनले उल्लेख गरेकी छिन् । अनलाइनखबर



### अब ...

विनियोजन गरेको र आइपरे थप विनियोजन गर्न तयार रहेको बताए ।

'कोभिड-१९ नियन्त्रणका लागि एकका लागि एक अभियानमार्फत दाताहरुले गरेको योगदान, देखाएको उत्साह एवम् भावनाको कदर गर्दै समर्पण भवनमा पीसीआर ल्याव यथाशीघ्र सञ्चालनमा ल्याउने प्रक्रिया अघि बढाइने छ'- मन्त्री घिमिरेसहितको उपस्थितिमा भएको छलफलको निर्णयमा भनिएको छ ।

'अभियानको तर्फबाट पीसीआर मेसिन खरिद लगायत तोकिएको मापदण्ड अनुसारको संरचना निर्माण कार्य अघि बढाउने, प्रदेश सरकारबाट सोको अनुमति, सञ्चालन, व्यवस्थापनको जिम्मा लिँदै मेची अञ्चल अस्पतालको मातहतमा रहने गरी पीसीआर ल्याव सञ्चालन गरिनेछ'- निर्णयमा अगाडि लेखिएको छ । मन्त्री घिमिरेले आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन तत्काल मिलाइने बताए । कोरोना महामारी नियन्त्रणका लागि संक्रमणको पहिचान नै पहिलो कार्य भएको भन्दै उनले ल्याव स्थापना अपरिहार्य रहेकोमा जोड दिए ।

सहकारी अभियन्ता तथा अभियानका सदस्य घनश्याम अधिकारीले सहजीकरण गरेको छलफलमा अभियानका संयोजक गिरीले अभियानले हालसम्म गरेका काम र योजनाका बारेमा प्रकाश पारेका थिए भने सह-संयोजक बिनोद बस्नेतले धन्यवाद ज्ञापन गरेका थिए ।

अभियानका सदस्यहरु तथा साझेदार संस्थाका प्रतिनिधि लोकराज ढकाल, गणेश ढकाल, कुमार भट्टराई, लीला चिमरिया, निर्मल भट्टराई, कुमारमणि पोखरेल, शिव कँडेल, मिजास पोखरेल, सञ्जीव घिमिरे, विकास बस्नेत लगायतले समेत अभियानको अगुवाईमा हुने ल्याव सञ्चालनमा सहयोग पुर्‍याउन प्रदेश सरकारलाई आग्रह गरेका थिए । छलफलमा जिल्ला समन्वय समितिका झापाका प्रमुख सोमनाथ पोर्तेलले समेत आफ्नो धारणा राखेका थिए ।

ल्याब स्थापनाका लागि अभियानले ८५ लाख रुपैयाँ संकलन गरिसकेको छ । ४० वटा देशमा सञ्जाल रहेको अन्तर्राष्ट्रिय झापाली समाज र झापा जिल्ला सहकारी संघको समन्वयमा २५/२५ लाख हजार रुपैयाँ सहयोग प्राप्त भएको छ भने विभिन्न वित्तीय संस्था तथा व्यक्तिगत र संस्थागत रुपमा सामाजिक संघ-संस्थाले रकम सहयोग गरिरहेका छन् ।

यसैबीच झापाका १५ वटा स्थानीय तह सहमत भए भविष्यमा सो ल्याब भएको भवनलाई सरुवा रोग अस्पतालको रुपमा विकास गर्ने अभियानको योजना छ । कोरोना भाइरसको परीक्षणका लागि प्रदेश १मा तीनवटा प्रयोगशाला छन् । प्रत्येक प्रयोगशालाले एक सय पीसीआर परीक्षण गर्न सक्छन् । तर, प्रदेश १मा स्वाब संकलन भने दैनिक छ सयभन्दा बढी भइरहेको छ । प्रदेश १मा संकलन भइरहेको स्वावको अनुपातमा ल्याबको अभाव छ । प्रदेश १मा सबैभन्दा बढी कोरोना संक्रमित जिल्ला झापा हो ।

पहिलो चरणमा झण्डै दुई हजार विपन्न परिवारलाई खाद्यान्न वितरण गरेको अभियानले १० हजार मजदुरलाई तयारी खाना खुवाएको थियो । त्यस्तै, बिर्तामोडको एउटा होल्डिङ सेन्टरमा रहेका करिब दुई सयजनालाई २२ दिनसम्म बिहान, दिउँसो र बेलुका खानाखाजा खुवाएको थियो । अभियानकातर्फबाट झापाका स्थानीय र जिल्ला प्रशासन कार्यालयलाई एक हजार थान भिटिएम र दुई सय थान आरडीटी किट प्रदान गरिएको थियो ।

### दूग्धजन्य ...

कोहलपुर, अत्तरिया र कैलालीबाट नौनी र धुलो दूध खरिद गर्दा मात्र छुट हुनेछ । त्यसैगरी नेपाली सेनालाई बिक्री गरिने होलमिल्क (घिऊसहितको दूध) एक हजारभन्दा बढी खरिदमा रु. १० छुट दिइएको छ । यसअघि थोक मूल्य रु. सात सय ५० थियो । असार ३ गतेअघि बट्टाको घिऊ प्रतिलिटर रु. नौ सय २० तथा प्याकेटमा राखिएको घिऊ प्रतिलिटर रु. नौ सयमा बिक्री गरिएको थियो ।

त्यस्तै बन्दाबन्दी केही खुकुलो भएसँगै दूध तथा दूग्धजन्य पदार्थको बिक्रीमा क्रमिक रुपमा सुधार हुँदै आएको महानिर्देशक पौडेलले जानकारी दिए । डिडिसीको तथ्यांक अनुसार बन्दाबन्दी समयभन्दा हाल चार प्रतिशतले दूध खपतमा वृद्धि भएको तथा अन्य पदार्थको खपतमा कमी आएको छ ।

बन्दाबन्दीअघिको तुलनामा काठमाडौं उपत्यकामा मात्र दैनिक १२ प्रतिशत दूध खपतमा कमी आएको जनाइएको छ । उनका अनुसार बन्दाबन्दीअघि काठमाडौं उपत्यकामा मात्र दैनिक ८७ हजार लिटर दूध बिक्री हुँदै आएकामा ७६ हजार लिटर बिक्री भएको छ । दूधसँगै दही खपतमा ४० प्रतिशतले कमी आएको जनाइएको छ ।

बन्दाबन्दी समयमा नियमित रुपमा कृषकबाट दूध संकलन भए तापनि समस्या भएकाले डेरी सञ्चालकले दुई महिनादेखि भुक्तानी रोकेका छन् । सामान्यतया १५/१५ दिनमा भुक्तानी हुँदै आए पनि डेढ महिनादेखि भुक्तानी नभएको महानिर्देशक पौडेलले जानकारी दिए । 'एक महिनाको भुक्तानी बाँकी हुनुपर्ने हो, तर खपतमा कमी हुँदा डेढ महिनाको रु. ३० करोड भुक्तानी रोकियो, जति छिटो बिक्री हुन्छ त्यति छिटो भुक्तानी गरिनेछ' -उनले भने- 'सम्भवतः १५ दिनको भुक्तानी दुईतीन दिनभित्र गरिनेछ ।'

बन्दाबन्दीका कारण दूग्धजन्य पदार्थको मौज्दातमा वृद्धि हुँदा कृषकलाई भुक्तानीमा समस्या भएको नेपाल डेरी एशोसिएशनका महासचिव प्रल्हाद दाहालले जानकारी दिए । उनका अनुसार दुई महिनाको रु. ७० करोड भुक्तानी बाँकी छ । डिडिसी र निजी क्षेत्रबाट गरी रु. एक करोड भुक्तानी बाँकी छ । पछिल्लो समय ४० देखि ४५ प्रतिशतसम्म दूध तथा दूग्धजन्य पदार्थको खपतमा वृद्धि भएको तथा रु. पाँच अर्ब बराबरको मौज्दात सामग्री रहेको दाहालले जानकारी दिए ।

### हतियारसहित ...

मोटरसाइकल चेकजाँच गर्ने क्रममा सिटमुनि प्लाष्टिकमा बेरेर लुकाईछिपाई राखेको १ थान पेस्तोल, ३ राउण्ड गोली फेला पारी बरामद गरिएको थियो ।

साथै पक्राउ परेका राईको साथबाट २ थान मोबाइल र ६ थान सिम कार्ड समेत फेला पारी बरामद गरिएको छ । पक्राउ परेका राई उपर सुनसरी जिल्ला अदालतबाट हातहतियार खरखजाना मुद्दामा अनुसन्धानका लागि दिन ६ म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ (नेपाल)को
सूचना
मितिः २०७७।०३।०४

अर्जुनधारा नगर कार्यपालिकाको बैठक नं. १७ को निर्णय नं. ०७ बमोजिम देहायका समयमा नगर क्षेत्रका मुख्य सडकहरुमा गुड्ने टिपर ट्याक्टर लगायत मालबाहक सवारी साधन बिहान ९ देखि १०, दिउँसो ३:३० देखि ४:३० तथा रातको समय ९ बजेदेखि बिहान ५ बजेसम्म गुड्न रोक लगाएको छ ।

अनपा कार्यपालिकाको बैठक नं. ५५ को निर्णय नं. १ अनुसार निषेधित नदीजन्य सामग्री उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनलाई तोकेबमोजिम जरिवानासहित प्रथमपटक पक्राउमा १ दिन नियन्त्रण, दोस्रोपटक पक्राउमा ७ दिन नियन्त्रण र तेस्रो पटक पक्राउमा भाद्र मसान्तसम्म सवारी साधन नियन्त्रण र सोमा भएको सामान जफत हुने सूचना सरोकारवालामा जानकारी गराइन्छ ।

अर्जुनधारा नगरपालिका

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल
कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक–पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो–खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन–९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

बिर्तामोड नगरपालिका

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्कः
देवी निरौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## आफैं सचेत होऔं

झापाका सबै पालिका कोभिड–१९को प्रभावमा परेका छन् । पछिल्लोपटक अछुतो रहेको बिर्तामोड नगरपालिकाका दुई जनामा कोरोना भाइरस पुष्टि भएपछि झापा पूर्णतः प्रभावित बनेको हो । यसले झापा कोरोना भाइरस संक्रमणको उच्च जोखिममा रहेको देखाएको छ । संक्रमण बढ्दै जाँदा आम मानिसमा भने हेलचेक्र्याइँ, लापर्वाही, अटेरी गर्ने प्रवृत्ति त्यत्ति नै धेरै बढेको छ । सरकारद्वारा लागू लकडाउन गत जेठ ३२ गतेसम्म कडाइका साथ पालना गरिएको थियो । त्यस यता सरकारले खुकुलो पाऱ्यो, परिणम हाटबजार खुल्न थाले, आवागमन र भीडभाड बढ्न थाल्यो । यद्यपि सरकारले दूरी कायम राख्न, अत्यावश्यक काम बाहेक घरबाट ननिस्कन, मास्को प्रयोग गर्न अनुरोध गरिएको छ ।

लामो समयको लकडाउनपछि भारतले यातायात सञ्चालन गर्न थालेपछि नेपालीहरु पनि स्वदेश फिर्न थाले । दिनहुँ हजारौंको सङ्ख्यामा सीमानाकामा थुप्रिएका नेपालीलाई ल्याउन र क्वारेन्टिनमा व्यवस्थित ढङ्गले राख्न सरकारले सकेन । क्वारेन्टिनको बसाइ असुरक्षित, असुविधाजनक र विश्वस्वास्थय संगठनले तोकेको मापदण्ड विपरीत कतिपय लक्षण नदेखिएको आधारमा परीक्षणबिनै घर पठाइयो । यसका कारण संक्रमण समुदायमा फैलिएको हुनसक्ने देखिएको छ। कतिपय मानिस भारतबाट आएर घरमा लुकेर बसेका कारण जोखिम झै भयावह हुनसक्छ ।

सरकारले क्वारेन्टिन र कोरोना कहरको व्यवस्थापन स्थानीय सरकारले गर्ने जनाएको छ । तर, स्थानीय सरकारको उपस्थिति प्रभावपूर्ण देखिएको छैन । लकडाउनको शुरुमा दिनहरुमा राहत वितरण, बजार र आवागमन बन्द गर्न देखिएको उसको उपस्थिति पछिल्लो समय पातलिँदै गयो । यस अवस्थामा केही स्वयम्सेवी संस्थाहरुको सक्रियता र अग्रसरता देखिन थाल्यो । भारतको पश्चिम बंगाल र बिहार राज्यसँग सीमा जोडिएको र खुल्ला भएकाले आगामन अझै निरन्तर छ । तिनलाई व्यवस्थित गर्न सकिएको छैन, समयमा परीक्षण गर्न र नतिजा यथासमय दिन नसक्दा कोरोना प्रकोप नियन्त्रणभन्दा बाहिर पुग्न थालेको देखिँदैछ।

दक्षिण एशियामा भारतमा संक्रमणको गति उच्च रहेको छ । त्यहाँबाट आउने धेरै र आउने क्रम पनि जारी रहेकाले नेपाली समाज त्यसकै चपेटामा पर्ने निश्चित छ । यही जोखिमलाई मध्यनजर गरी बिर्तामोडका व्यवसायी तथा संघ–संस्थाका प्रतिनिधिहरु जोखिम न्यून गर्न भन्दै सडकमा निस्किए । पूर्वकै मुख्य शहरका रुपमा विकास भएको बिर्तामोडमा हुन थालेको भीड, लापर्वाहीले समुदाय नै जोखिममा पर्ने लक्षण देखिँदा प्रहरीको समेत सहभागितामा व्यवसायीहरुलाई दूरी कायम गर्न सावधानी अपनाउन उद्योग वाणिज्य वाणिज्य संघका प्रतिनिधिहरु अग्रसर भए । यसलाई देखेर बिर्तामोड वडा नं. ५का अध्यक्षले पनि चासो देखिए । जीवन प्रत्येक व्यक्तिको निजी सम्पत्ति हो । सामान्य भूलले ठूलो दुर्घटना नहोस् आफैं सचेत रहनुपर्दछ । यही चेतना मर्दै जान थालेको अवस्थामा इलाका प्रहरी कार्यालयको आह्वानमा आफ्नो पसल अघि दूरी कायम गर्ने गरी घेरा बनाउन शुरु गरिएको छ । 'सुतेकालाई जगाउन सकिन्छ, तर सुतेको अभिनय गर्नेलाई जगाउन गाह्रो हुन्छ'– भनिन्छ । बिर्तामोडबासी कोरोना भारइसको असरबाट अनभिज्ञ छैनन् । तर, सुतेको अभिनय गर्न लागेपछि प्रहरी, सरकार र स्वयम्सेवी संस्थाहरु उठाउन हिंड्नु परेको छ । त्यसैले परिस्थितिको गाम्भीर्यलाई बुझौं, सचेत, सजग र सावधान रहौं । अन्यथा सङ्क्रमणको दुष्परिणामले कसैलाई छोड्ने छैन ।

# वैकल्पिक शिक्षण सिकाइमा शिक्षकको भूमिका



डा. देवीप्रसाद आचार्य

कोभिड-१९ का कारण चैत ६ गतेबाट बन्द शैक्षिक संस्थाहरु अझै पनि बन्द नै छन् । महामारीको अवस्था हेरी शैक्षिक सत्रको शुरुआत गर्ने प्रतिक्षामा रहेको सरकारले अन्ततः गत असार १ गतेबाट वैकल्पिक शिक्षा शुरु गरेको छ । शिक्षा मन्त्रीले विद्यार्थीको घरलाई नै शिक्षालय बनाइएको भनेका छन् । रेडियो, टेलिभिजन, युट्युव लगायतका प्रविधिहरुबाट विद्यार्थीले आफ्नो घरमा बसेर सिक्न सक्ने व्यवस्थाको शुरुआत भएको भनिएको छ । शैक्षिक सत्र शुरु गर्ने तिथिमिति तय गर्ने अवस्था नभएको अहिलेको अवस्थामा राज्यको यो पहलकदमी सकारात्मक देखिन्छ ।

टेलिभिजन शिक्षाको सोंच र यसको उपयोग आधुनिक शिक्षाको एउटा प्रभावकारी माध्यम हो । अनलाइन शिक्षाको प्रयोग उच्च शिक्षा र अनुसन्धानको तहमा त धेरै पहिलेदेखि नै प्रयोग हुँदै आएको हो । तर, विद्यालय शिक्षामा भने अहिलेको कोरोना कहरले टेलिभिजन र रेडियोसँग जाड्ने वातावरणको सिर्जना गऱ्यो । कोरोना कहरले शिक्षामा प्रविधिको विकासलाई अवसर दिएको भएता पनि नेपालका विद्यालययहरुमा पढ्ने बाबालिकाहरुको प्रविधिको पहुँचको सम्बन्धमा चौतर्फी आवाजहरु उठ्ने गरेका छन् । प्रविधिको पहुँच नहुनेहरुका लागि राज्य चुप छ । वैकल्पिक विधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थीलाई कसरी सिकाइको दायरामा ल्याउने बिषयमा सरकारसँग कुनै ठोस योजना देखिँदैन ।

सरकारले कक्षा १ देखि उच्च शिक्षासम्म नै वैकल्पिक शिक्षा शुरु गरेको छ । यस अन्तरगत विभिन्न कक्षाहरुका तालिका बनाएर विद्यार्थीलाई सिकाइमा जोडिन अनुरोध पनि गरिएको छ । सरकारबाट सञ्चालित वैकल्पिक शिक्षा रेडियो, टेलिभिजन र स्मार्ट मोबाइलको माध्यमबाट समेत सिक्न सकिने भनिएको छ । तथापि यो शिक्षण सिकाइबाट देशका कति प्रतिशत विद्यार्थी लाभान्वित हुन सक्छन् ? सरकारले गृहकार्य गऱ्यो त ? गरेन । देशभरका कति प्रतिशत विद्यार्थीसँग वैकल्पिक विधिमा पहुँच छ ? कति प्रतिशत विद्यार्थी यसबाट वञ्चित हुन बाध्य छन् ? सरकारसँग तथ्यांङ्क छ त ? छैन ।

अहिले टेलिभिजन र रेडियो मार्फत सञ्चालन गरिएको वैकल्पिक सिकाइबाट धेरै विद्यार्थी वञ्चित हुने अवस्था छ । नेपालका हिमालदेखि तराईसम्मका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको ठूलो संख्याका बालबालिकाहरु वैकल्पिक शिक्षाको पहुँचभन्दा बाहिर छन् । शिक्षा तथा मानव स्रोत विकासको तथ्याङ्क अनुसार नेपालमा ३५ हजार नौ सय ९३ वटा प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक विद्यालयहरु सञ्चालनमा छन् । सरकारको वैकल्पिक शिक्षण सिकाइमा यो उमेर समूहका बालबालिकालाई संलग्न गराइएको छैन । यी बालबालिकाहरु वञ्चित समूह हुन् की होइनन् ?

वैकल्पिक शिक्षण सिकाइको परियोजना सञ्चालन गर्नको लागि राज्यले २५ करोड १८ लाख रुपैयाँ विनियोजन गरेको छ । शिक्षा मन्त्रालयले पालिकाहरुमा रहेका विद्यालयका संख्याका आधारमा रकम पठाउने भनेको छ । पालिकामा भएका विद्यालयहरुमा वैकल्पिक शिक्षामा सहगागी हुन सक्ने र नसक्ने विद्यार्थीको पहिचान गरेर सोही आधारमा त्यहाँ अध्यापनरत् शिक्षकहरु मार्फत उक्त रकम खर्च हुनुपर्ने थियो । विद्यालय बन्द भएको तीन महिनासम्म राज्यले वैकल्पिक शिक्षामा संलग्न हुन सक्ने र नसक्ने विद्यार्थीको तथ्याङ्क संकलन गरी पहुँच हुने र नहुनेका लागि व्यवहारिक शिक्षण सिकाइ योजना बनाउनु पर्दथ्यो । यसो गर्दा पालिकाका जनप्रतिनिधिहरु र स्थानीय शिक्षकहरुलाई काम दिइनु पर्दथ्यो । यसो गरिएन ।



शहरी क्षेत्रका बालबालिकाहरुले यो शिक्षण सिकाइबाट फाइदा लिन सकेता पनि दुरदराजका धेरै विद्यार्थीले वैकल्पिक शिक्षण सिकाइको सुविधाबाट विद्यार्थी वञ्चित हुने पक्का छ । यसले प्रविधिको पहुँच हुने र नहुने विद्यार्थीको बीचमा सिकाइको अन्तर सिर्जना गर्ने छ । यसर्थ शैक्षिक सत्र शुरु हुने अवस्थाको निश्चितता नभएको अहिलेको स्थितिमा वैकल्पिक शिक्षण सिकाइको पहुँचबाट बाहिर रहेका विद्यार्थीलाई कसरी शिक्षण सिकाइ गर्न सकिन्छ भन्ने विकल्पमा अभ्यास गर्न ढिला गर्नुहुँदैन ।

अहिले शैक्षिक सत्र शुरु गर्ने तिथिमितिको टुङ्गो छैन । यस सन्दर्भमा वैकल्पिक शिक्षाको सुविधाबाट वञ्चित बालबालिकाको डाटा कलेक्सन गर्न पालिकाका शिक्षकहरुलाई जिम्मा दिइनु पर्दछ । शिक्षकहरुले आफूले पढाउने विद्यार्थीको बारेमा धेरै बुझेका हुन्छन् । जानेका हुन्छन् । अहिलेसम्म सबै गाउँहरु कोरोना महामारीको संक्रमणले प्रभावित पनि छैनन् । यो स्थितिमा महामारीको अवस्था र विद्यार्थीको उमेर समूह, तह र आवश्यकता बुझेर तत्अनुरुपको शैक्षिक सामग्रीहरु निर्माण गरी घर-घरमा पुऱ्याउने व्यवस्था गर्न सकिन्छ की ? सरकारी विद्यालयहरुमा क्वारेण्टाइन बनाइएकोले गाउँका पाटी, पौवा, चौतारी, खुल्ला चौर लगायतका ठाउँहरुमा सोसियल डिस्टेन्स राखेर विद्यार्थीसँग स-साना समूहहरुमा संवाद गर्न सकिन्छ की ? विद्यार्थीलाई घरमा नै बसेर सिक्न सक्नेखालको अभ्यास दिन सकिन्छ की ? विद्यार्थीले लेखेका सामग्रीहरुलाई निश्चित ठाउँमा कलेक्सन गरी सातामा एक, दुई पटक चेकजाँच गरी पुनः सिकाइ सामग्री थप्ने व्यवस्था गर्न सकिन्छ की ? यसतर्फ राज्य, पालिका र शिक्षक प्राध्यापकहरुको ध्यान जान जरुरी छ ।

राज्यको व्यवहारिक कार्ययोजना र शिक्षक, प्राध्यापकहरुमा विद्यार्थीको सिकाइमा चिन्ता र चासो हुने हो भने अहिलेको अवस्थामा वैकल्पिक शिक्षण सिकाइको सुविधाबाट वञ्चित विद्यार्थीका लागि पनि स्थानीय तह अनुरुपको स्थानीय पाठ्यक्रम निर्माण गरी सिर्जनशील कार्यका संलग्न गराउन सक्ने अनेक तरिकाहरु हुन सक्दछन् । शिक्षकहरुले पाठ्यपुस्तकका कतिपय पाठहरुसँग सम्बन्धित बिषयवस्तुलाई जोडेर मौलिक किसिमको शिक्षण सामग्री तयार गर्न सकिन्छ । यसो गर्दा अहिले धान, मकै, कोदो लगायतका वालीहरु लगाउने र हुर्काउने मौसम छ । अर्थात् खेतीपातीको समय छ । प्रविधिको पहुँचबाट बाहिर भएका धेरैजसो बालबालिकाहरु पनि किसान परिवारसँग सम्बन्धित छन् । उनीहरुको लागि कृषि सम्बन्धी पुर्खौली औजारहरुको वैज्ञानिक अध्ययन गर्न लगाउन सकिन्छ । पुर्खाहरुले ती कृषि एवम् पशुपालनसँग सम्बन्धित औजारहरु किन आविश्कार गरे ? कसरी गरे ? अहिले यिनको प्रयोगको अवस्था कस्तो छ ? विज्ञान र प्रविधिको विकासले यिनीहरुको अस्तित्वमा कस्तो प्रभाव पारेको छ ? अब के गर्नुपर्ला ? यिनीहरुको आधुनिकीकरण अथवा रिस्प्लेसमेण्ट के गर्नुपर्ला ? भन्ने जस्ता विषयहरुको खोजी गर्न लगाएर विज्ञान विषयको शिक्षण सिकाइ गर्न सकिएला । विद्यार्थीले अभिभावकहरुसँग अनुसन्धान गर्ने होम स्कूलिङको विकास गर्न सकिन्छ ।

त्यसैगरी परिवारजनसँग खेतबारीमा सँगसँगै काम गर्ने सामाजिक चिन्तनको विकासले सामाजिक शिक्षाको अध्ययनकमा टेवा पुग्छ । गाउँघरमा रहेका घरहरु, परिवार संख्या, पालिएका गाईवस्तु र पन्छी लगायतको विषवस्तुमा आधारित अभ्यासले गणितमा सहयोग गर्ला । यसरी शिक्षालाई प्रकृतिवादी दार्शनिक रुशोले भने जस्तो प्रकृतिसँग रमाएर सिक्न सकिने धेरै कुराहरु छन् । यसोगर्दा पालिका तहमा शिक्षक प्राध्यापकहरुको नेटवर्क पनि बनाउन सकिन्छ । एउटा विद्यालयले तयार पारेका साम्रगीहरु अर्को विद्यालयका विद्यार्थीलाई पनि प्रयोग गर्न र गराउन सकिन्छ । यसमा विद्यार्थीलाई निर्देश गर्ने कार्य योजनाको खाँचो छ । यो काम शिक्षकहरुले गर्न सक्दछन् । शिक्षकहरुलाई दायित्वबोध गराउने काम राज्यको हो ।

अन्त्यमा, सबै विद्यार्थीलाई विभिन्न तरिकाले शिक्षण सिकाइको पहुँच हुन सकेन भने राज्यले शुरु गरेको वैकल्पिक शिक्षाबाट सबै विद्यार्थी लाभान्वित हुन सक्ने छैनन् । वैकल्पिक शिक्षण सिकाइमा शिक्षकको प्रभावकारी सहभागिता नै उपयुक्त विकल्प हो ।

# झापा नाटकघर निर्माण अन्तिम चरणमा



**बिर्तामोड, असार ११।** क्षितिज नाट्य समूह झापाको अगुवाईमा बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माण भइरहेको बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घर निर्माण अन्तिम चरणमा पुगेको छ ।

बिर्तामोड- १ का मनोज निरौलाले निःशुल्क प्रदान गरेको साढे तीन कठ्ठा जग्गा र उनकै छ कठ्ठा जग्गा १० वर्ष लिजमा लिएर दुई करोड रुपैयाँको लागतमा एक वर्ष अगाडि निर्माण कार्यको थालनी गरिएको बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरको निर्माणको एक वर्षको अवधिमा ५० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको बताइएको छ ।

झापा नाटक घरको निर्माणका लागि झापा क्षेत्र नं. २ कि संघीय सांसद पवित्रा निरौला खरेलले सांसद विकासकोषबाट विनियोजन गरेको १५ लाख र प्रदेश सांसद एकराज कार्कीले सांसद विकासकोषबाट विनियोजन गरेको १० लाख रुपैयाँ, प्रदेश सरकारले विनियोजन गरेको ४० लाख, बिर्तामोड नगरपालिकाले विनियोजन गरेको १० लाख, सहारा नेपालले प्रदान गरेको १० लाख र एक व्यक्ति एक इँटा समर्पण अभियानदेखि ५१ हजारसम्मको सहयोग समर्पण अभियानबाट १० लाख गरी जम्मा ९५ लाख रुपैयाँ प्राप्त भएको र निर्माण कार्यलाई तीव्रता दिएको क्षितिज नाट्य समूहका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधव कल्पितले बताए ।

उनले झापा नाटक घरको दर्शक प्रेक्षालय, कलाकार आवास गृह, अतिथि आवास गृह, कार्यालय, शौचालय, भोजनालय निर्माण भइसकेको र स्टेज निर्माण लगायत अन्य फिनिसिङ कार्य बाँकी रहेको जानकारी दिए । आगामी एक वर्षभित्रमा झापा नाटक घरको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने र त्यसपछि बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक संग्रहालय निर्माण शुरु गरिने उनले बताए । बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक संग्रहालय निर्माणका लागि हाल डीपीआरको काम भइरहेको र ५० करोडको लागतमा बहुबर्षीय योजनाबाट बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक संग्रहालय निर्माण गरिने उनले जानकारी दिए ।

यसैबीच बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घर निर्माणका लागि शुरु गरिएको एक व्यक्ति एक इँटा समर्पण अभियानमा बिर्तामोड- १ नम्बर वडा कार्यालय र नचानु विष्णु श्रीजङ्गा टोल विकास संस्थाले इँटा प्रदान गरेका छन् । जग्गादाता मनोज निरौलाको अध्यक्षता तथा बिर्तामोड वडा नं. १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उक्त इँटा बराबरको रकम प्रदान गरिएको हो ।

कार्यक्रममा वडाध्यक्ष अग्निप्रसाद पाण्डेले वडाका कर्मचारी समेतको सहभागितामा एक व्यक्ति एक इँटा अन्तरगतको तीन हजार सात सय रुपैयाँ प्रदान गरेका थिए भने नचानु विष्णु श्रीजङ्गा टोल विकास संस्थाका अध्यक्ष भोजकुमार मास्के र सचिव योङचन्द्र आङ्बुहाङले टोलभरिका करिब ६५ घर सदस्यबाट संकलित इँटा बराबरको १० हजार एक सय ८० रुपैयाँ प्रदान गरेको झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईले बताए ।

सोही कार्यक्रममा क्षितिज नाट्य समूह झापाका वरिष्ठ उपाध्यक्ष तथा झापा नाटक घर निर्माण उपभोक्ता समितिका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद भण्डारीले सामाजिक क्षेत्र पुरस्कारका लागि अक्षयकोष स्थापनाका लागि ५१ हजार रुपैयाँ हस्तान्तरण गरेका थिए । उनले बाबुआमा यज्ञनिधि भण्डारी र रेणुका भण्डारी तथा श्रीमती चन्द्रकला भण्डारीको स्मृतिमा हरेक वर्ष सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई पुरस्कार प्रदान गर्न सामाजिक क्षेत्र पुरस्कारका लागि रकम प्रदान गरेको बताए ।

कार्यक्रममा झापा नाटक घर निर्माण अनुगमन समितिका संयोजक प्रेमप्रसाद खरेल, सदस्य मीरादेवी भट्टराई, वडा सचिव टीका अधिकारी, सामाजिक अभियन्ता रञ्जु प्याकुरेल लगायतको आतिथ्य रहेको थियो । क्षितिज नाट्य समूह झापाका सदस्य माधव सिटौलाले स्वागत र झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितले सञ्चालन गरेका थिए ।

## 'डिएपी मलको अभाव छैन'

**विराटनगर, असार ११।** पूर्व क्षेत्रमा किसानलाई वर्षे धानबाली लगाउन प्रारम्भमा चाहिने रासायनिक मल डिएपीको अभाव नरहेको बताइएको छ ।

प्रदेश नं. १ का १४ जिल्ला तथा प्रदेश नं. २ का सिरहा र सप्तरीका किसानलाई साल्ट ट्रेडिङ लि र कृषि सामग्री संस्थान कार्यालय विराटनगरले उपलब्ध गराउँदै आएको रासायनिक मलमध्ये साल्ट ट्रेडिङ कार्यालय विराटनगरमा अहिले १९ हजार आठ सय २० बोरा डिएपी मौज्दात रहेको कार्यालय प्रमुख राधेश्याम चौधरीले जानकारी दिए । यसको प्रतिबोरा मूल्य रु. दुई हजार एक सय ५० निर्धारण गरिएको भए पनि किसानले केही छुट हुने व्यवस्था पनि गरिएको छ ।

त्यसैगरी किसानलाई आवश्यक पर्ने एसएसपी मल पनि १२ हजार तीन सय चार बोरा मौज्दात रहेको प्रमुख चौधरीले बताए । रासायनिक मल उपलब्ध गराउने कृषि सामग्री संस्थान विराटनगरमा डिएपी मल एक सय ७९ मेट्रिक टन, पोटास एक सय ४२ मेट्रिक टन र कृषि चुन तीन दशमलव छ सय ५० मेट्रिक टन मौज्दात रहेको बताइएको छ ।

संस्थानका कर्मचारी नवरत्न सुवेदीले कार्यालयका लागि दुई हजार पाँच सय मेट्रिक टन डिएपी केही दिनभित्र प्राप्त हुने र थप दुई हजार मेट्रिक टन आउने भएकाले किसानलाई अभाव नहुने जानकारी दिए । कार्यालयले पूर्व क्षेत्रमा मोरङको विराटनगर, इलाम, झापाको बिर्तामोड, धनकुटा, सुनसरीको इटहरी, सप्तरीको राजविराज, सिरहाको लहान र उदयपुरको गाईघाट कार्यालयबाट सेवा प्रदान गर्दै आएको छ ।

# पीसीआर प्रयोगशालाका लागि लोकबन्धुले दिए ५१,१२५ र मोहनले २१,१५०




तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, असार ११।** सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरबाट झापामा स्थापना गर्न लागिएको पीसीआर प्रयोगशालाका लागी समाजसेवी तथा पूर्व जनप्रतिनिधि लोकवन्धु कन्दङ्वा र व्यवसायी मोहन अधिकारीले आर्थिक सहयोग गरेका छन् ।

बिर्तामोडका-६ बुट्टाबारीका समाजसेवी तथा पूर्व जनप्रतिनिधी कन्दङ्वाले 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरवाट झापामा स्थापना गर्न लागिएको पीसीआर प्रयोगशालाका लागि ५१ हजार एक सय २५ रुपैयाँ र बिर्तामोडका-४ का व्यवसायी मोहन अधिकारीले २१ हजार एक सय ५० रुपैयाँ प्रदान गरेका छन् ।

'एकका लागि एक' अभियानको आयोजनामा बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा समाजसेवी तथा पूर्व जनप्रतिनिधी कन्दङ्वा र बिर्तामोडका व्यवसायी अधिकारीले 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरी, सह-संयोजक विनोद बस्नेत, 'एकका लागि एक' अभियानका सदस्यहरु बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, निर्माण व्यवसायी केदार गिरीलाई उक्त रकमको चेक हस्तान्तरण गरेका थिए ।

तत्कालीन अनारमनी गाविसका उपाध्यक्ष, महेन्द्र रत्न माविका विद्यालय व्यवस्थापनसमितिका पूर्व अध्यक्ष, हरियाली सामुदायिक वन बुट्टाबारीका संस्थापक अध्यक्ष समेत रहेका कन्दङ्वाले 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरबाट झापामा पीसीआर प्रयोगशाला स्थापना गर्ने कार्य प्रशंसनीय भएकाले उक्त कार्यमा आफूले सहयोग गरेको बताए । उनले सरकारले समेत गर्न नसकेको कार्य 'एकका लागि एक' अभियानले गरेको भन्दै झापामा पीसीआर प्रयोगशाला स्थापना गरेर कोरोना भाइरस संक्रमितको पीसीआर परिक्षण गर्ने कार्यमा सफलता मिलोस् भन्ने शुभकामना दिए ।

त्यस्तै पाँचथर-झापा सरोकार समितिका उपाध्यक्ष, अधिकारी बन्धु सेवा समाज झापाका सचिव समेत रहेका व्यवसायी अधिकारीले कोरोना भाइरसको संक्रमित बढिरहेको समयमा मुलुकमै पहिलो पटक कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा उपचारका लागि एकका लागि एक अभियानको अगुवाईमा झापामा नागरिकस्तरवाट पीसीआर प्रयोगशाला स्थापना गर्नु झापाबासीको गौरव भएकाले सामाजिक उत्तरदायित्व बहन गर्दै उक्त कार्यमा आफूले सहयोग गरेको बताए ।

'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीको अध्यक्षतामा भएको कार्यक्रममा 'एकका लागि एक' अभियानका सदस्य, निर्माण व्यवसायी केदार गिरीले स्वागत गरेका थिए । संवाद समूहको संयोजन र सहजीकरणमा भइरहेको 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न नागरिकस्तरबाट झापामा स्थापना गर्न लागिएको पीसीआर प्रयोगशालाका लागी सहयोग जुट्नेक्रम जारी रहेको 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताए ।

उनले 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा स्थापना गर्ने भनिएको पीसीआर प्रयोगशाला कनकाई नगरपालिकाको कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको कर्मयोग भवनमा राखिने र प्रदेश नं. १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले उक्त कर्मयोग भवनको अवलोकन गर्दै पीसीआर प्रयोगशाला राख्ने अनुमति दिएको बताए ।

त्यस्तै 'एकका लागि एक' अभियानका सह-संयोजक विनोद बस्नेतले एकका लागि एक अभियानको अगुवाईमा हालसम्म एक करोड २५ लाख रुपैयाँ संकलन भएको र पीसीआर प्रयोगशालाका लागि विभिन्न सामाजिक संस्था, सहकारी अभियान लगायतको सहयोगमा ८५ लाख रुपैयाँ जुटिसकेको बताए ।

त्यस्तै 'एकका लागि एक' अभियानका सदस्यहरु बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले कोरोना भाइरसको महामारी नियन्त्रणका लागि झापामा पीसीआर प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याउन सबैलाई सहयोगका लागि अपिल गरेका छन् । कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ झापाका सह-सचिव केशव भट्टराईले गरेका थिए ।

# भद्रपुरको बजेट ७३ करोड ९२ लाख



**भद्रपुर, असार ११।** भद्रपुर नगपालिकाले आर्थिक वर्ष २०७७/०७८ का लागि नीति तथा कार्यक्रम एवम् ७३ करोडभन्दा बढीको बजेट पारित गरेको छ ।

बुधबार शुरु भएको छैठौं नगरसभामा नगरप्रमुख जीवनकुमार श्रेष्ठले प्रस्तुत गरेको नीति तथा कार्यक्रम एवम् उपप्रमुख चन्द्रमाया श्रेष्ठले प्रस्तुत गरेको बजेट बिहीबार छलफलपछि पारित गरिएको हो । विश्वव्यापी रुपमा फैलिएको प्राणघातक कोरोना भाइरस महामारीका बीच नगरपालिकाले कोरोना महामारीको सम्भावित जोखिम समेतलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको बताइएको छ ।

जिल्लाकै सदरमुकाम भएका कारण आन्तरिक तथा वाह्य पर्यटनलाई पनि ध्यानमा राख्दै नीति कार्यक्रम र बजेट निर्माण गरिएको नगर प्रमुख जीवनकुमार श्रेष्ठले जानकारी दिए । सभामा उपप्रमुख श्रेष्ठले ७३ करोड ९२ लाख ८१ हजार छ सय १० रुपैयाँको बजेट प्रस्तुत गरेकी थिइन् । सो बजेटमा संघीय सरकारबाट सोझै भुक्तानी हुने सामाजिक सुरक्षा भत्ता र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रकम समावेश नरहेको उपप्रमुख श्रेष्ठले जानकारी दिइन् ।

सामाजिक विकास, आर्थिक विकास, वन वातावरण तथा विपद, पूर्वाधार विकास र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा क्षेत्र वर्गीकरण गरी छुट्याइएको बजेटमा आन्तरिक आम्दानीतर्फ चार करोड ४६ लाख अनुमान गरिएको छ । त्यस्तै, संघीय सरकारबाट प्राप्त हने ४६ करोड २१ लख, प्रदेश सरकारबाट प्राप्त हुने ८० लाख २५ हजार रुपैयाँ बजेटमा समावेश गरिएको छ । त्यसैगरी, संघ अन्तर्गत राजश्व बाँडफाँडबाट १० करोड ३९ लाख १० हजार छ सय १०, प्रदेश सरकार मार्फत राजश्व बाँडफाँडबाट ८३ लाख, घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँडबाट दुई करोड, अन्य निकाय, कार्यालय, संघ-संस्थाबाट चार करोड १८ लाख ३० हजार, स्थानीय वन उपभोक्ता समितिको राजश्व बाँडफाँडबाट पाँच लाख र चालू आ.व.मा खर्च हुन नसकेको पाँच करोड रुपैयाँ आम्दानीको स्रोत हुने अनुमान गरिएको छ ।

पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धिसहितको भद्रपुर नगर भन्ने नारा आतमसात गरेको नगरपालिकाले विषयगत रुपमा आर्थिक विकासतर्फ तीन करोड १७ लाख, स्वास्थ्य तथा शिक्षालाई समेत समेटिएको सामाजिक विकासतर्फ २७ करोड ५२ लाख सात हजार, पूर्वाधार विकासतर्फ ३० करोड १५ लाख ८२ हजार, वातावरण तथा विपद व्यवस्थापनतर्फ एक करोड दुई लाख ५० हजार र संस्थागत, सेवा प्रवाह र कार्यालय सञ्चालन खर्चतर्फ १२ करोड पाँच लाख ४२ हजार छ सय १० रुपैयाँ विनियोजन गरेको छ ।

नगर प्रमुख श्रेष्ठले आगामी आ.व. मा नगर गौरवका केही योजनाहरुलाई निरन्तरता दिने, कृषि क्षेत्रको विकास र रोजगारी सिर्जना, स्वास्थ्य सम्बन्धी संभावित जोखिम न्यूनीकरणका क्रियाकलापलाई नीति तथा कार्यक्रममा समेटिएको जानकारी दिएका छन् ।

# माईको प्राथमिकतामा कृषि र स्वास्थ्य




**विमल दाहाल**

**माई, असार ११।** इलाम माई नगरपालिकाको सातौं नगरसभाले कृषि तथा र स्वास्थ्य सेवालाई बिशेष प्राथामिकता दिएर नीति तथा कार्यक्रम पारित गरेको छ ।

मेयर दिपककुमार थेवेको अध्यक्षतामा भएको कार्यक्रममा आ.व. २०७७/०७८ का लागि संशोधित नीति तथा कार्यक्रम मेयर थेवेले प्रस्तुत गरेका थिए । 'गरौं व्यवसायिक कृषि, यसैबाट शुरु हुन्छ माई नगरपालिकाको समृद्धि' भन्ने मूल नाराका साथ हालको निर्वाहमुखी कृषिबाट व्यवसायिक कृषिमा रुपान्तरण गर्न 'एक गाउँ एक उत्पादन' कार्यक्रमलाई प्रोत्साहन गरिने कार्यक्रममा उल्लेख गरिएको छ ।

नीति तथा कार्यक्रममा आर्थिक विकास एवम परिचालन, कृषि र पशु विकास क्षेत्र, उद्योग तथा सहकारी क्षेत्रका कार्यक्रम समाबेश गरिएका छन् । त्यस्तै सामाजिक विकास सम्बन्धी नीतिमा शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता तथा लक्षित वर्ग र खानेपानी तथा सरसफाईका कार्यहरु समावेश भएका छन् । कार्यक्रममा सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति र वन वातावरण, विपद व्यवस्थापन तथा पर्यटन सम्बव्धी नीति र भौतिक पूर्वाधार सम्बन्धी नीति उल्लेख गरिएको छ ।

नीति तथा कार्यक्रममा कृषिलाई पकेट क्षेत्र बनाई अनुदान तथा मल एवम् बीऊबिजन व्यवस्थापन गर्दै लगिने कुरा उल्लेख गरिएको छ । पशु र बाली बीमा कार्यक्रमलाई अगाडि बढाइने तथा विदेशबाट आएका तथा कृषिमा उच्च शिक्षा प्राप्त गरेका व्यक्तिलाई ५० प्रतिशत अनुदान दिई कृषि कार्य गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । एक घर एक फलफूल उत्पादन, जग्गा बाँझो राख्नेलाई ५० प्रतिशत जरिवाना, उत्कृष्ट कृषक पुरस्कृत लगायका कार्यक्रम नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

त्यस्तै स्वास्थ्य अन्तरगत प्राथामिक स्वास्थ्य केन्द्रको स्थापना, एम्बुलेन्स खरिद, माई वडा नम्बर १, ३, ४, ६, ८ र १० मा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइने उल्लेख गरिएको छ । महिला स्वास्थ्य स्वयम्सेविकाको क्षमता विकास गर्ने, जन्म विकालंक तथा अपाङ्गता रोकथामका लागि बिशेष कार्यक्रम सञ्चालन गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सम्मान र संरक्षण गर्दै प्रदेश सरकार र करुणा फाउण्डेशन नेपालसँगको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम सञ्चालन एवम् निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

त्यस्तै वेरोजगारहरुको तथ्याङ्क संकलन गरी करिब तीन महिनाका लागि स्थानीय क्षेत्रमा काम गर्ने गरी पाँच हजार जनालाई रोजगारी प्रदान गरिने उल्लेख गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत दिनानाथ लम्सालको सहजीकरणमा सञ्चालन भएको सातौं नगरसभामा उपमेयर विष्णुमाया आचार्यसहित जनप्रतिनिधि, कर्मचारी लगायत एक सय जनाको सहभागिता रहेको थियो ।

यसैबीच भवन निर्माण तथा घर नक्सा पास सम्बन्धी ऐन २०७७ अध्ययनपछि पारित गर्ने गरी आगामी असार १८ गते बिहीबारसम्मका लागि सातौं नगरसभा स्थगित गरिएको मेयर दिपककुमार थेबेले जानकारी दिए ।

# एम्बुलेन्स दुर्घटना र चट्याङ लागेर दुईको मृत्यु

**झापा, असार ११।** ओखलढुंगा लिखु-६ गाम्नाङटारस्थितमा एम्बुलेन्स दुर्घटना हुँदा चालकको घट्नास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेमा ओखलढुंगा लिखु-४ यसम बस्ने २२ बर्षय सुदर्शन खत्री रहेका छन् ।

प्रदेश नम्बर ३-०१-००२ झ ५११५ नम्बरको एम्बुलेन्स बिरामी लिनका लागी लिखुबाट गाम्नाङटार तर्फ जादै गर्दा एक्कासी अनियन्त्रित भई काक्तिके भिरबाट अन्दाजी दुई सय मिटर तल खसी दुर्घटना हुँदा चालक खत्रीको घट्नास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।

दुर्घटना भएको एम्बुलेन्स लिखु गाउँपालिकाको रहेको खुल्न आएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसैबीच उदयपुर त्रियुगा नगरपालिका-१३ असारी बस्ने ४५ बर्षीय कानन चौधरीको चट्याङले लागेर मृत्यु भएको छ ।

खेतमा काम गरिरहेका चौधरीलाई बर्षासँगै आएको चट्याङले लाग्दा उनी घाइते भएकोमा जिल्ला अस्पताल उदयपुरमा उपचार गराउने क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# लागूऔषधसहित मिथुन पक्राउ

**सुनसरी, असार ११।** सुनसरीको कोशी गाउँपालिका-८ भाण्टाबारीका २३ बर्षीय मिथुन यादव प्रतिबन्धित लागूऔषधसहित पक्राउ परेका छन् ।

भाण्टाबारीमा हिँडिरहेका यादवलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा उनको साथबाट फेनारगन-४१ एम्पोल, डाईजेल्याव-३९ एम्पोल, लुपिजेसिक-४० एम्पोल, नाइट्रोशन-१०० ट्याब्लेट र स्पास्मोप्रोक्सिभन-१४४ क्याप्सुल फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । पक्राउ परेका यादवको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## वर्गीकृत विज्ञापन

### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

### सुवर्ण अवसर
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोडः ०२३-५४६६८३/ ९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'

सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
## गोरखा डिपार्टमेन्ट स्टोर
हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

गोरखा डिपार्टमेन्ट स्टोर
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - सन्तानको सहयोग लाभदायी बन्नेछ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । इर्ष्या गर्नेहरूले सताए पनि मेहनत गर्दा सफलता मिल्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - नौलो प्रकृतिको काम गर्ने मौका छ । विभिन्न भौतिक साधन प्राप्त हुनेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । दिन लाभदायक रहनेछ । आम्दानी बढाउने काम प्रारम्भ हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - आँटेको काम तत्काल बन्नेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले साथ दिनेछन् । बिछोडिएका आफन्तसँग भेटघाट होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - पहिलेका कमजोरी सुधार्दै फाइदा उठाउने समय छ । पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ । यात्राको अवसर आउला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - शुभचिन्तकहरू जुट्नाले अप्ठ्यारो ठानिएको काम पनि सम्पादन हुनेछ । विभिन्न परोपकारी काममा प्रवृत्त भइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । टाढाको यात्रा गर्ने पक्रिया अघि बढ्न सक्छ । प्रेममा सफलता मिल्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - सामान्य फाइदा भइरहे पनि ठूलो भागको आशा राख्दा सुनिश्चित आम्दानी समेत रोकिन सक्छ । आजको लाभांश सुरक्षित नहुन सक्छ ।